स्थानीय सरकार

# दोगडाकेदार गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउलेक, बैतडी
२०७३

सुदूरपश्चिम प्रदेश, नेपाल

सूचना नं. ....१०.....

## ढुंगा, गिट्टी, बालुवा कर उठाउने सम्वन्धी सूचना !

(प्रथम पटक प्रकासित मिति : २०८१/०५/१८ गते)

यस गाँउपालिकाबाट आर्थिक वर्ष २०८१।०८२ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ र सोही ऐनको दफा ६४ को उपदफा (१च) र दोगडाकेदार गाउँपालीकाको आर्थिक ऐन, २०८१ अनुसूचि १३ अनुसार यस गाँउपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका तपसिलका नदि/खोलाहरुमा ढुंगा, गिट्टी, बालुवा आदि कुल संकलन विक्रीकर (रोयल्टी) ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट सिलबन्दी बोलपत्र पेश गर्न १५(पन्ध्र) दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ । साथै सिलबन्दी दरभाउपत्र खरिद गर्दा दोगडाकेदार गाँउपालिकाको नाममा ग्लोबल आईएमई बैंक, दोगडाकेदार शाखामा रहेको **आन्तरिक राजश्व** खाता नं. **14504010000007** मा वा राजश्व शाखामा नगद बुझाई सो को रसिद पेश गरि रकम दाखिला गरी सिलबन्दी दरभाउपत्र दोगडाकेदार गाँउपालिकाको कार्यालय देउलेक, बैतडीवाट वुझिलिनु हुन जानकारी गरिन्छ ।

१. प्रत्येक कामको लागि छुट्टा छुट्टै दरभावपत्र खरिद तथा दाखिला गर्नुपर्ने छ ।

२. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

३. खरिद गरिएका दरभावपत्रहरु प्रष्टसंग भरि ठेकेदारले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर व्यक्ति, फर्म, कम्पनीको नाम, ठेगाना, कामको नाम प्रष्ट लेखी यो सूचना प्रकासित भएको मितिले १६ औं दिनको १२ :०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । सो दिन विदा परेमा त्यस पछि कार्यालय खुलेको दिन पेश गर्न बाधा पर्ने छैन ।

४. दरभावपत्र फाराम साथ धरौटी बापतको रकम कम्तिमा ५ प्रतिशत यस कार्यालयको ग्लोबल आईएमई बैंक दोगडाकेदार शाखा स्थित **धरौटी खाता नम्वर Ga.3(14504010000004) मा** जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले कम्तिमा ९० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको विडवण्डको सक्कलै प्रति संलग्न गर्नु पर्ने छ ।

५. कबोल अंक अक्षर र अंकमा प्रष्टसंग उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६. गत विगत बर्षमा ठेक्का लिई ठेक्का बापत रकम नबुझाएका ठेक्केदारको ठेक्का स्वीकृत गरिने छैन । दरभावपत्र १६ औं दिनको २:०० बजे व्यक्ति/फर्म/ठेक्केदारका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । ठेक्केदारका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभावपत्र खोल्न बाधा पर्ने छैन ।

७. ठेक्का स्विकृत भएपछी स्विकृत हुने व्यक्ति/फर्म/ठेक्केदार को धरौटी रकम सम्झौताको सम्पूर्ण कार्य अवधि समाप्त भई कार्य सम्पन्न भए पछि मात्र फिर्ता गरिने छ । स्वीकृत रकम ३(तिन) किस्तामा बिभाजन गरिने छ । पहिलो किस्ता ५० प्रतिशत, दोस्रो किस्ता ३० प्रतिशत र तेस्रो किस्ता २० प्रतिशत हुने छ । पहिलो किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम रुपमा दाखिला गरेको हुनुपर्ने छ । दोस्रो किस्ता चैत्र मसान्त र तेस्रो किस्ता जेष्ठ मसान्त सम्म बुझाउनु पर्ने छ । साथै दोस्रो किस्ता र तेस्रो किस्ता बराबर रहेको रकमको मिति २०८२ साल अषाढ मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ । एकमुष्ठ अग्रिम रुपमा बुझाउँदा बैंक ग्यारेन्टी आवश्यक पर्ने छैन ।

८. गाउँपालिकाले व्यक्ति/फर्म/ठेक्केदारलाई कर उठाउन तोकेको क्षेत्रबाट ठेक्केदारलाई सम्झौतामा उल्लेख गरिए बमोजिमको कर तिरी कर तिरेको रसिद लिएर मात्र निकासी गर्न पाउने छ ।

प्रमुख प्रशासकीय अधिकृत

सूचना नं. ........१०........

९. सम्मानित अदालत, नेपाल सरकार गाउँपालिका को नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्न व्यक्ति/फर्म/ठेक्केदारको कर्तव्य एवं दायित्व हुने एवं नीति, निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै हानी नोक्सानी हुन गएमा क्षतीपूर्तिको दाबी ठेक्केदारले गाउँपालिका सँग गर्न पाउने छैन ।

१०.सम्झौता बमोजिमको कर उठाउने सम्पूर्ण दायित्व व्यक्ति/फर्म/ठेक्केदारको हुने छ । यक्ति/फर्म/ठेक्केदारको कमजोरीको कारणबाट कर उठाउन नसकेमा कार्यालयमा मिनाहा, क्षतिपूर्ति अथवा कुनै किसिमको दाबी गर्न पाईने छैन ।

११. **IEE** प्रतिवेदनमा औल्याईएका प्रावधानहरुको पालना गरेर मात्र व्यक्ति/फर्म/ठेक्केदारले ठेक्का सञ्चालन गर्नुपर्ने छ ।

१२. व्यक्ति/फर्म/ठेक्केदारले सम्बन्धित आय संकलन गर्ने क्षेत्रको राम्रो संग हेरी बुझी मात्रै दरभावपत्र दाखिला र सम्झौता गर्नुपर्ने छ । राम्रोसंग नबुझि सम्झौता गरी सकेपछि सम्झौता अनुसारको रकम कार्यालयलाई बुझाउने दायित्व सम्बन्धित व्यक्ति/फर्म/ठेक्केदारको हुने छ । यसमा कुनै प्रकारको तर्क र आनाकानी स्वीकार्य हुने छैन ।

१३. स्थानीय स्तरमा उठ्ने विवादहरुको समाधान गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यक्ति/फर्म/ठेक्केदारको हुने छ ।

१४. सम्बन्धित बगर तथा खानी क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवा लगायतका पदार्थहरु उत्खनन गर्दा एक्जाभैटर, ब्याक हो लोडर लगायतका भारी उपकरण प्रयोग नगरि मान्छेद्वारा उत्खनन गर्नुपर्ने छ ।

१५. कबोल अंकको १३ प्रतिशत भ्याट रकम सम्बन्धित व्यक्ति/फर्म/ठेक्केदारले नै बुझाउनु पर्ने छ ।

१६. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन, नियम अनुसार हुने छ ।

१७. करका दरहरु यस कार्यालयबाट दरभाउपत्र साथ प्राप्त हुने छ ।

१८. अन्य जानकारीको लागी कार्यालय समय भित्र कार्यालयबाट जानकारी लिन सकिने छ ।

रविन्द्र बहादुर धामी
प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

| ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम् ठेक्का अंक रु. मा (भ्याट बाहेक) | सिलबन्दी दरभाउ फाराम दस्तुर |
|---|---|---|---|---|
| **02/DKRM/GOODS/2081-082** | चमेलिया नदी र जमाडीगाडको पञ्ज्यूनयाँ बगर क्षेत्र | ४०००।०० | रु.६,००,०००।०० | रु.१,०००। (एक हजार मात्र) |
| **03/DKRM/GOODS/2081-082** | चमेलिया नदीको चमतडी र धनथला बगर क्षेत्र | ८०००।०० | रु.१२,००,०००।०० | रु.१,०००। (एक हजार मात्र) |